# ३ अपेक्षा नगरेको सुसमाचार प्रचारक अर्थात मिसिनेरी

*यस अध्यायका मूल पदहरू:* २ राजा ५, मर्कूस १:४०-४५, २ राजा २:१-१५, यूहन्ना १५:५, रोमी ६:४-११, रोमी ६:१।

*स्मरण गर्नुपर्ने मूल सार पद:* "परमेश्‍वरको अगमवक्ता एलीशाको समयमा धेरै छालाका रोगीहरू इस्राएलमा थिए। तर सिरियाको सेनापती नामान बाहेक कसैलाई पनि निको पारिएको थिएन" (लूका ४:२७)।

बाइबलमा इस्राएलीहरूको राजाहरूको इतिहास दुई भागमा लेखिएको छ। ई.पू ९७०देखि ५६०सम्म भएका राजाहरूको बृतान्त ती पुस्तकहरूमा छन्। परमेश्‍वरका जनहरूसँग सम्बधित राजनैतिक र आत्मिक जागृति घट्नाहरू ती पुस्तकहरूमा समावेश भएका छन्। परमेश्‍वरका सुरो अगमवक्ताहरू एलिया र एलीशाका कथाहरू ती पुस्तकहरूमा बुनिएका छन्। बालबालिका र वयस्क पाठकहरूले तिनीहरूको बहादुरीका कथाहरू पढेर जोशिलो भएको अध्यात्मिक इतिहासले बताउँछ।

एलीशाको काम र येशूको काम झण्डै उस्तै उस्तै भएको के तपाईंलाई थाहा छ? यो अत्यन्त घट्लाग्दो छ। दुवै जनाले गरेका परमेश्‍वरको सेवाकार्यमा मुर्दाहरूलाई बिउँताइएका थिए, कुष्ट रोगीहरूलाई निको पारेका थिए र अलिकता खानाले धेरै भोकाएकाहरूलाई ख्वाएका थिए।

ती अचम्मका क्रियाकलापहरूमा एउटा घट्ना यस अध्यायमा पढिनेछ: त्यो हो, नामानको कुष्ट रोगलाई निको पारिएको। नामान धनाढ्य, शक्तिशाली र धेरै अहङ्कारी मूर्तीपूजक थियो। तर उनलाई अत्यन्त आवश्यक भएको थियो त्यसबेला उनले जीवित परमेश्‍वरको शक्तिको अनुभव गर्न पुगेका थिए। उनको सामु परमेश्‍वरको बारेमा कुनै ठूला ठूला प्रचारहरू गरिएको थिएन तर एकजना उपेक्षित तर अपेक्षा

नगरिएको सिदासादा प्रचारक वा मिसिनेरीको जीवनशैली र गवाहीले उनलाई पहिलो प्रभाव पारेको थियो। त्यस कथामा धेरै आत्मिक सत्यताहरूलाई खनेर ल्याउन सकिएतापनि प्रतिकूल र कठिन समयमा पनि विभिन्न संस्कार तथा संस्कृतिहरूको बाबजुद परमेश्वरको निम्ति कसरी साक्षी बन्न सक्छ भनेर देखाएको पाउँछौं। परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको इतिहास कसरी कार्यान्वन हुन्छ भनेर पनि उक्त कथाको उदाहरणले हामी बुझ्न सक्छौं।

## १. उनीसँग सबै थोक थिए...तर (२ राजा ५:१)

१ राजा ५:१ ले नामानको बारेमा चार वटा वृतान्त वा पदहरू उल्लेख गरेर उनी सिरियाका (आरामिन पनि भनिन्थ्यो) मानिसहरूको समाजमा उच्च प्रतिष्ठित व्यक्तिहरूमा गनिएको देखाइएको छ। "१ नामान अरामका राजाको सेनाका सेनापति थिए। उनी आफ्ना मालिकको दृष्टिमा एक ठूला मानिस थिए, र अति इज्जतदार थिए, किनभने उनले गर्दा नै अरामलाई परमप्रभुले विजयी तुल्याउनुभएको थियो। उनी एक वीर योद्धा थिए, तर कुष्ठरोगी पनि थिए।"

उनको प्रमुख प्रभाव आरामको राजामाथि थियो। उनलाई उच्च सम्मानका साथ हेर्दथे र धार्मिक र सैनिक मामिलाहरूमा सरसल्लाह दिनेमा उनी राजाका दाहिने हाथ थिए (पद १८)। उनी धेरै धनी पनि थिए (पद ५)।

तर पद १ले एउटा महत्त्वपूर्ण कुरा पनि उल्लेख गरिएको छ। नामानको शक्ति वा प्रभाव ठूलो थियो, सम्मान र बिरता उल्लेखनीय थियो तर ती सबै बेकारको जस्तो भएको थियो किनभने ती समयमा अत्यन्त डरलाग्डो रोगले उनलाई च्यापेको थियोः त्यो थियो कुष्ठ रोग। उनको कुष्ठ रोगले गर्दा उनको जीवनको सबै पक्षहरूमा असर परेको थियो। तर उनको कुष्ठ रोगले गर्दा परमेश्वरको अगमवक्तासँग सम्पर्कमा आउने अवसर मिलेको थियो। त्यस सम्पर्कले गर्दा उनी सत्य परमेश्वरको अनुयायी बन्न पुगे।

येशूले धेरैलाई आश्चर्यकासाथ निको पार्नुभएको थियो। ती निकोहुनेहरूमा एक साझा कुरा के थियो जसले तिनीहरूलाई येशूकहाँ ल्याइयो? देहायका पदहरू हेर्नुहोस्ः मर्कूस १ः४०-४५ "अनि एक जना कुष्ठरोगी उहाँकहाँ आएर घुँडा टेक्दै यसो भनेर बिन्ती गर्‍यो, "तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ।" ४१ तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ।" ४२ त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो।

४३ अनि उहाँले त्यसलाई कड़ा आज्ञा दिएर यसो भनी तुरुन्तै पठाउनुभयो, ४४ "हेर, तिमीले यो कसैलाई नभन्नू, तर गएर तिमी आफैलाई पूजाहारीकहाँ देखाऊ र तिमी निको भएकोमा मानिसहरूका प्रमाणको लागि मोशाको आज्ञाबमोजिम बलि चढ़ाऊ।" ४५ तर त्यो निस्केर गयो, अनि यस विषयमा खुल्लमखुल्ला प्रचार गर्न लाग्यो, र येशू फेरि सहरमा खुलस्त प्रवेश गर्न सक्नुभएन, र एकान्त ठाउँहरूमा रहनुभयो। तर मानिसहरू चारैतिरबाट उहाँकहाँ आए।", लूका ८ः४१-५६ "४१ याइरस नाउँका एक जना सभाघरका शासक आएर येशूका पाउमा परे, र तिनको घरमा आउनुहोस् भनी उहाँलाई बिन्ती गरे, ४२ किनकि बाह्र वर्ष पुगेकी तिनकी एकमात्र छोरी थिई, जो मर्नै लागेकी थिई। येशू जाँदैगर्नुहुँदा मानिसहरूले उहाँलाई घचेटिरहेका थिए। ४३ बाह्र वर्षदेखि रक्तस्रावले पीडित एउटी स्त्री, जसलाई कसैले निको पार्न सकेको थिएन, ४४ त्यसले पछिल्तिरबाट आएर उहाँको लुगाको एक छेउ छोई, र तुरुन्तै त्यसको रक्तस्राव बन्द भयो। ४५ येशूले भन्नुभयो, "मलाई कसले छोयो?" जब सबैले इन्कार गरे, तब पत्रुस र तिनीहरूसँग हुनेहरूले भने, "गुरुज्यू, भीड़ले तपाईंलाई घेरेर ठेल्दैछन्।" ४६ तर येशूले भन्नुभयो, "कसैले मलाई छोएकै हो, किनभने शक्ति मबाट निस्केर गएको मैले थाहा पाएँ।" ४७ अब आफू लुकिरहन नसक्ने कुरा थाहा पाएर त्यो स्त्री काम्दै आई र उहाँको सामुन्ने घोप्टो परी, र किन त्यसले उहाँलाई छोई, अनि कसरी तुरुन्तै निको भई, सो सब मानिसहरूका सामु

बताइदिई। ४८ उहाँले त्यसलाई भन्नुभयो, "छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ, शान्तिसँग जाऊ।" ४९ उहाँ बोल्दैहुनुहुन्थ्यो, सभाघरका शासकको घरबाट एक जना मानिस आइपुग्यो, र भन्यो, "तपाईंकी छोरी मरी। अब गुरुलाई कष्ट नदिनुहोस्।" ५० तर येशूले यो सुनेर याइरसलाई भन्नुभयो, "नडराऊ, विश्वास मात्र गर, र त्यो निको हुनेछे।" ५१ जब उहाँ घरमा पुग्नुभयो तब उहाँले पत्रुस, याकूब, यूहन्ना र बालिकाका बुबा र आमाबाहेक अरू कसैलाई उहाँसँग भित्र आउन दिनुभएन। ५२ सबै जना रोइरहेका र बिलौना गरिरहेका थिए, तर उहाँले भन्नुभयो, "नरोओ, त्यो मरेकी छैन, तर सुतेकी छे।" ५३ त्यो मरिसकेकी छे भन्ने जानेर तिनीहरू उहाँको हाँसो गर्न लागे। ५४ तर उहाँले त्यसको हात समातेर यसो भनेर बोलाउनुभयो, "नानी, उठ।" ५५ अनि त्यसको प्राण फर्केर आयो, र त्यो तुरुन्तै उठी, र उहाँले त्यसलाई केही खान दिनू भन्ने आज्ञा गर्नुभयो। ५६ त्यसका आमा-बुबा आश्चर्यचकित भए, तर जे भएको थियो त्यो कसैलाई नभन्नू भन्ने आदेश उहाँले तिनीहरूलाई दिनुभयो।" र मर्कूस २:१-१२ "केही दिनपछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरूले उहाँ घरमा हुनुहुन्छ भन्ने सुने। २ अनि यति धेरै मानिसहरू जम्मा भए कि तिनीहरू त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ भएन, र उहाँले तिनीहरूलाई परमेश्वरको वचन प्रचार गर्दैहुनुहुन्थ्यो। ३ अनि चार जनाले बोकेको एक जना पक्षाघातीलाई लिएर मानिसहरू उहाँकहाँ आए। ४ भीड़को कारणले येशूको नजिक त्यस मानिसलाई पुऱ्याउन नसक्दा तिनीहरूले उहाँ हुनुभएको ठाउँको माथिको छाना खोले, र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो सुतेको खाटसमेत तल ओह्रालिदिए। ५ येशूले तिनीहरूको विश्वास देखेर त्यस पक्षाघातीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू क्षमा भए।" ६ तर त्यहाँ केही शास्त्रीहरू बसिरहेका थिए, र आफ्ना मनमा यसो भनेर विचार गरिरहेका थिए, ७ "यस मानिसले किन यसरी बोल्दछ? यो त ईश्वर-निन्दा हो। केवल एक, अर्थात् परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ?" ८ अनि तिनीहरू आपसमा

यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो विचार गर्दैछौ? ९ पक्षाघातीलाई 'तिम्रा पापहरू क्षमा भए' भन्नु, कि 'उठ, तिम्रो खाट उठाएर हिँड' भन्नु, कुनचाहिँ सजिलो छ? १० तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, ११ "म तिमीलाई भन्दछु, उठ, तिम्रो खाट उठाऊ, र घर जाऊ।" १२ त्यो उठ्यो, र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो। यहाँसम्म कि, सबै जना आश्चर्य-चकित भए, र "हामीले यस्तो त कहिल्यै देखेका छैनौं" भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे।"

जब मानिसहरूको जीवनमा असहज परिस्थिति आउँछ, वियोग, दुःखकष्ट र नचाहेको परिवर्तनमा जाकिन्छ तब तिनीहरू अध्यात्मिक सत्यताको निम्ति अन्तरआत्मा खुला गर्छन् र परमेश्वरको खोजीको निम्ति अग्रसरता देखाउँछन्। राजनैतिक, मनौवैज्ञानिक, शारीरिक र अरू दैविक प्रकोपहरूले गर्दा मानिसहरू सत्य परमेश्वरको चाहना गर्न सक्छ। व्यक्तिगत नाश, गम्भिर राष्ट्रिय आपत्तिहरू र युद्धहरूले मानिसहरूलाई आफूभन्दा उच्च शक्तिको खोजमा लगाइदिन्छ। जहाँ जहाँ कष्टले आक्रमण गरेका छन् त्यहाँत्यहाँ मानिसहरूलाई परमेश्वरतिर फर्काउने काममा सफल भएको चर्चको इतिहासले बताएको पाइएको छ।

**सम्पन्न तथा प्रतिष्ठित** नामानसँग आफूलाई चाहिने सबै कुरा थियो। तर उनी आशाबिना बाँचेकोले उनको हृदय तोडिएको थियो। हामीहरूको जीवनमा असल र खराब कुराहरू भएकोले हामी पनि नामानजस्तो कसरी छौं? हामीहरूको जीवनमा आइपर्ने असल होस् वा खराब होस् त्यसले परमेश्वरसँग सम्वन्ध जोडिराख्न कसरी सहयोग गर्न सक्छ?

## २. अनामिका र अपेक्षाकृत व्यक्तिबाट परमेश्वरको साक्षी (२ राजा ५:१-७)

सिरियाका प्रतिष्ठित व्यक्तिहरूले एक जना दासीको कुरा किन सुन्नुपरेको थियो? गरिब, नम्र र झुकिएकी दासीमा के थियो जसले गर्दा आफ्ना मालिक र उनका परिवारलाई गहिरो प्रभाव पारेकी थिइन्? हेर्नुहोस् २ राजा ५:१-७ "नामान अरामका राजाको सेनाका सेनापति थिए। उनी आफ्ना मालिकको दृष्टिमा एक ठूला मानिस थिए, र अति इज्जतदार थिए, किनभने उनले गर्दा नै अरामलाई परमप्रभुले विजयी तुल्याउनुभएको थियो। उनी एक वीर योद्धा थिए, तर कुष्ठरोगी पनि थिए। २ अब अरामबाट दलहरू गएर इस्राएलबाट एउटी जवान ठिटीलाई कैद गरेर ल्याएका थिए, र त्यसले नामानकी पत्नीको चाकरी गर्थी। ३ त्यसले आफ्नी मालिक्नीलाई भनी, "यदि मेरा मालिकले सामरियामा बस्नुहुने अगमवक्तालाई भेट गरे भने, उहाँले तिनको रोग निको पारिदिनुहुनेथियो!" ४ नामान आफ्ना मालिककहाँ गए र इस्राएलबाट ल्याएकी त्यस ठिटीले भनेको कुरा बताइदिए। ५ अरामका राजाले जवाफ दिए, "हुन्छ, तिमी जाऊ। म इस्राएलका राजालाई एउटा पत्र पठाउनेछु।" यसैले नामान आफ्नो साथमा सत्तरी किलोग्राम सुन र तीन सय चालीस किलोग्राम चाँदी र दश जोर लुगा लिएर गए। ६ उनले इस्राएलका राजाकहाँ लगेको पत्र यस्तो थियोः "यो पत्रसाथै म तपाईंकहाँ मेरो दास नामानलाई पठाइरहेछु। तपाईंले त्यसको कुष्ठरोग निको पारिदिनुहोला।

७ इस्राएलका राजाले त्यो चिट्ठी पढ्ने बित्तिकै आफ्ना लुगा च्यातेर भने, "के म परमेश्वर हुँ र? मार्न र जिउँदो पार्न सक्छु र? यस मानिसले किन त्यसको कुष्ठरोगबाट निको पार्न कसैलाई मकहाँ पठाउँछ? हेर त, त्यसले मसित झगड़ाको निहुँ खोज्दैछ!"

आफ्नो मालिकको घरमा त्यस चाकर्नीले कस्तो चरित्र देखाइ भन्ने कुरा बाइबलले विस्तृतरूपमा बताइएको छैन। तर उनको चरित्रमा केही थियो जसले गर्दा उनको कुरा घरमा मानिसहरूले सुन्न तयार

भए। यो सोच्नुहोस्, घरको जाबो एउटा दासीको कुरा सुनेर धनी र शक्तिशाली सैनिक अगुवा नामान राजाकहाँ जान्छन् र त्यस दासीले भनेको कुरा सुनाउँछन्। अनि राजाबाट अनुमति र पत्र लिएर अगमबक्ताकहाँ जान सुरकस्छन्। अझ नामानले त गन्हौं उपहारहरू अगमवक्तालाई दिन आफ्नो बग्गीमा राख्छन्। के के भयो ती पदहरूमा उल्लेख गरेको भन्दा अरू धेरै भइरहेको थियो भनेर स्पष्ट छ। तर सिरियाको शासकवर्गहरूमा परमेश्वरको बारेमा जानकारी दिन उहाँले अनामिका सानी हिब्रू केटी उहाँले प्रयोग गर्नुभएको स्पष्ट छ। सिरियाको आक्रमणकारीहरूले उनलाई आफ्ना घरपरिवारबाट क्रुरतापुर्वक छिनालेर लगिएको थियो। तर त्यस सानी केटी आफूले भोगको विगतको कष्टको दासी बन्न चाहिनन्। आफू दासत्वको जीवन बिताउनुपरेतापनि आफ्नो अनुहारलाई तितो पारिराखिनन्। तर परमेश्वरमाथि विश्वासमा अटल भएकी त्यस केटीले जीवनलाई परिवर्तन गर्ने परमेश्वरको शक्तिको बारेमा गवाही दिएकी थिइन्। सामरियामा एलीशाद्वारा त्यही परमेश्वरले काम गरिरहनुभएको थियो। बेबिलोनमा दानियल र उनका मित्रहरूले जस्तै आफ्नो दुर्भाग्यलाई त्यस केटीले परमेश्वरको महिमाको निम्ति प्रयोग गर्न सक्षम् भएकी थिइ। र त्यसकारण उनको दासत्वलाई आफ्नो विश्वासको निम्ति गवाही दिन प्रयोग गर्न उनले अवसर बनाए। यस सन्दर्भमा एलेन जी ह्वाइट भन्नुहुन्छ, "विदेश र मुर्तिपूजकको घरमा त्यस दासी केटीले जुन चरित्र देखाइन् त्यसले बालककालमा घरमा पाएको तालिमको प्रभाव कस्तो गहिरो हुँदो रहेछ भनेर प्रमाणित गर्दछ।"-*प्रोफेटस एण्ड किङ्गस* पृ. २४५बाट रूपान्तरित।

हामीहरूको आस्था, जीवनशैली र आचरणले हामी र हामीलाई दिइएको परमेश्वरको सत्यतातिर अरूलाई कसरी डोऱ्याउन सक्दोरहेछ भनेर त्यस कथाले हामीलाई कसरी बताउँछ?

**अझ रोचक कुरा त जब इस्राएलका राजाले सिरियाको राजाको पत्र पाए उनको प्रतिक्रिया अचम्मको थियो। उनले भने "के म परमेश्वर हुँ र? यस मानिसको कोर रोग म निको पार्न सक्छु र?"** त्यो रोग

कस्तो आततायी थियो र केवल चमत्कारी कामले मात्र त्यो रोग निको हुन सक्छ भनेर उनको प्रतिक्रियाले जनाउँछ। तर जे भएतापनि नामानको रोगलाई राजाले निको पारेको अपेक्षा त्यस पत्रमा उल्लेख गरेको थियो। तर राजालाई थाहा थियो कि उनले यो काम गर्न सक्दैनन्। त्यसकारण फेरि लडाईं गर्न सिरियाले निहुँ खोजेको भनेर राजा रिसले चुर भए।

## ३. एलीशा, परमेश्वरको अगमवक्ता (२ राजा २:१-१५)

ईसापूर्व नौसय वर्ष पहिले उल्लेख गरिएको अगमवक्ता एलीशाले परमेश्वरको सेवाकार्यको बारेमा १८वटा कथाहरू श्रृखलावद्धरूपमा प्रस्तुत गरेको छ। उनले पचास वर्ष भन्दा धेरै परमेश्वरको निम्ति सेवाकार्य गरेका थिए। उनी प्रायजसो अगमवक्ताहरूको स्कुलको प्रधानअध्यापक भएर काम गरेका थिए भने सार्वजनिक रूपमा पनि कार्यरत थिए। उनको सेवाकार्यमा अनेकौं अचम्म र चमत्कारिय कामहरू भएका थिए जुन् सारा इस्राएल राष्ट्रभरि प्रख्यात थियो। राजा र सर्वसाधारण जनताहरू उनको सरसल्लाहको निम्ति भर परेका थिए।

एलीशाको बोलाहट कसरी भएको थियो र उनको सेवाकार्य कस्तो थियो भनेर २ राजा २:१-१८ कसरी प्रस्तुत गरेको छ हेर्नुहोस्ः "१ जब परमप्रभुले आँधीबेहरीद्वारा एलियालाई स्वर्गमा उठाइलानै आँट्नुभएको थियो, तब एलिया र एलीशा गिलगाल छोड़ेर बाटोमा गइरहेका थिए। २ तब एलियाले एलीशालाई भने, "तिमी यही बस, परमप्रभुले मलाई बेथेलमा पठाउनुभएको छ।" तर एलीशाले भने, "परमप्रभुको जीवन र तपाईंको जीवनको शपथ खाएर म भन्दछु, म तपाईंलाई छोड्नेछैनँ।" अनि तिनीहरू बेथेलमा झरे। ३ बेथेलमा अगमवक्ताहरूको दलले एलीशाकहाँ आएर सोधे, "परमप्रभुले आज तपाईंका मालिकलाई तपाईंबाट लैजानुहुनेछ भनी के तपाईंलाई थाहा छ?"

एलीशाले भने, "हो, मलाई थाहा छ। तर त्यस विषयमा केही नभन। ४
तब एलियाले तिनलाई भने, "एलीशा, तिमी यहीँ बस। परमप्रभुले मलाई
यरीहोमा पठाउनुभएको छ।" अनि तिनले जवाफ दिए, "परमप्रभुको जीवन
र तपाईंको जीवनको शपथ खाएर म भन्दछु, म तपाईंलाई छोड्नेछैनँ।"
अनि तिनीहरू यरीहोमा गए। ५ यरीहोमा अगमवक्ताहरूको दल
एलीशाकहाँ आएर सोधे, "परमप्रभुले आज तपाईंका मालिकलाई तपाईंबाट
लैजानुहुनेछ भन्ने तपाईंलाई थाहा छ?" तिनले भने, "हो, मलाई थाहा छ।
तर त्यस विषयमा केही नभन।" ६ तब एलियाले तिनलाई भने, "यहीँ
बस। परमप्रभुले मलाई यर्दन नदीमा पठाउनुभएको छ।" अनि एलीशाले
जवाफ दिए, "परमप्रभुको जीवन र तपाईंको जीवनको शपथ खाएर म
भन्दछु, म तपाईंलाई छोड्नेछैनँ।" यसैले ती दुवै अगि हिँड़े। ७ पचास
जना अगमवक्ताहरूले तिनीहरूलाई पछ्याए, र यर्दन नदीको किनारमा
एलिया र एलीशा अड़िएका ठाउँतिर हेर्दै निकै पर उभिए। ८ एलियाले
आफ्नो खास्टो उतारे, र त्यो बेह्रेर यर्दन नदीको पानीलाई त्यसले
हिर्काए। पानी देब्रे र दाहिनेतिर दुई भाग भयो, र तिनीहरू सुक्खा
जमिनमा हिँड़िर पारि गए। ९ नदी पार गरिसकेपछि एलियाले एलीशालाई
भने, "तिमीबाट उठाएर लान अघि म तिम्रो निम्ति के गरूँ?" "तपाईंको
आत्माको दोबर भाग पाउने हक मलाई दिनुहोस्," एलीशाले जवाफ
दिए। १० एलियाले भने, "तिमीले त गाह्रो कुरा पो माग्यौ। तापनि
तिमीले मलाई तिमीबाट उठाइलगेको देख्यौ भने त्यो तिम्रो हुनेछ– होइन
भने, पाउनेछैनौ। ११ जब तिनीहरू कुरा गर्दै अगि हिँड़िरहेका थिए, तब
एक्कासि एउटा अग्निमय रथ र घोड़ाहरू देखा परे, र दुईलाई एक-
अर्काबाट अलग गरे, र एलिया भुमरीमा माथि स्वर्गतिर लगिए। १२
एलीशाले यो देखे र कराएर भने, "हे मेरा पिता! हे मेरा पिता! इस्राएलका
रथहरू र घोड़चढ़ीहरू!" अनि एलीशाले एलियालाई फेरि देखेनन्।
त्यसपछि तिनले आफ्नो लुगा समातेर दुई भागमा च्याते। १३ एलीशाले
एलियाको खसेको खास्टो उठाए र फर्केर यर्दन नदीको किनारमा
उभिए। १४ तब त्यहाँ तिनले एलियाको खसेको खास्टोले पानीलाई

**हिर्काए। तिनले सोधे, "परमप्रभु एलियाका परमेश्वर अब कहाँ हुनुहुन्छ त?" जब तिनले पानीलाई हिर्काए, तब त्यो दाहिने र देब्रेतिर दुई भाग भयो, र तिनी पारि गए। १५ त्यो दृश्य हेरिरहने यरीहोबाट आएका अगमवक्ताहरूको दलले भन्यो, "एलियाको आत्मा एलीशामाथि परेछ।" तब उनीहरू तिनलाई भेट्न आए, र तिनको अगि भूँइसम्मै घोप्टो परे। १६ उनीहरूले भने, "हेर्नुहोस्, हामी तपाईंका दासहरूसँग पचास जना सुयोग्य मानिसहरू छन्। तिनीहरू गएर तपाईंका मालिकलाई खोज्ने अनुमति दिनुहोस्। शायद परमप्रभुका आत्माले तिनलाई उठाएर कुनै पहाड़ अथवा कुनै बेंसीमा राखिदिनुभएको छ।" तिनले भने, "अँहँ, तिनीहरूलाई नपठाओ।" १७ तर उनीहरूले तिनलाई लज्जित पारुञ्जेल जिद्दी गरी नै रहे। यसकारण तिनले भने, "तिनीहरूलाई पठाओ।" अनि उनीहरूले पचास जना मानिसहरूलाई पठाए। तिनीहरूले तीन दिनसम्म खोजे, तापनि एलियालाई फेला पार्न सकेनन्। १८ जब तिनी यरीहोमा नै छँदा तिनीहरू एलीशाकहाँ फर्केर आए, तब तिनले तिनीहरूलाई भने, "के मैले तिमीहरूलाई नजानू भनी भनेको थिइनँ र?"**

एलीशालाई परमेश्वरले नै बोलाउनुभएको थियो र उहाँको कामको निम्ति खटाउनुभएको थियो भन्ने कुरामा कुनै पनि शङ्का छैन। उनीसँग केही अचम्मका अनुभवहरू थिए जसले गर्दा उनी परमेश्वरबाट बोलाहत भएको यकिन थिए। एलियाबाट उनले दोबर जोश वा आत्मा मागेको अत्यन्त सराहनीय छ। उनलाई परमेश्वरको अधिक शक्तिको आवश्यक छ भनेर उनलाई थाहा थियो भनेर त्यसले बताउँछ। परमेश्वर बिना उनी निरीह वा असहाय हुन्छ भन्ने ज्ञान पनि उनका थियो। येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएको शिक्षा सयौं वर्ष अघि एलीशाले बुझेका थिए। येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो, "दाखको लहरे बिरुवा म नै हुँ। तिमीहरू त्यसका हाँगाहरू हौ। यदि कोही मसँग जोडिएर बसे भने र म उसमा भएभनें उसले धेरै फलहरू फलाउनेछन्। म बिना तिमीहरू केही पनि गर्न सक्दैनौ" (यूहन्ना

१५:५ रूपान्तरित)। परमेश्वरको काममा रहँदा हामी जुनसुकै पद ओगटेपनि उपरोक्त महानवाणीलाई हामीले आत्मसात् गरिनै रहनुपर्छ।

एलीशाको कथाबाट उनमा त्यो जोश र शक्ति परमेश्वरले नै दिनुभएको थियो भनेर स्पष्ट रूपमा हामी सिक्दछौं। त्यसकारण जब नामानको मामिलामा राजाले उदङ्ग प्रतिक्रिया देखाए एलीशाले यो सन्देश राजालाई पठाएकी नामानले थाहा पाओस् कि इस्राएलमा परमेश्वरको अगमवक्ता छ (२ राजा ५:८)। आफू को हो र आफ्नो काम के हो भनेर एलीशालाई स्वस्थ र स्पष्टरूपमा थाहा थियो भनेर त्यसले बताउँछ।

त्यस सेनाध्यक्ष नामान र उनका सैनिकहरू आफ्ना यशका साथै एलीशाको घरको ढोकामा आएको पनि घटलाग्दो नै हुनुपर्छ। नामानको भव्य घरभन्दा एलीशाको घर सानो र साधारण थियो होला। तर नामान र उनको फौजले एलीशा हताश भएका थिएन न त डराएका नै थिए। अझ, एलीशा त त्यस शक्तिशाली फौजलाई भेट्न पनि घरबाट बाहिर निस्केन। तर आफ्नो सेवकलाई त्यस सेनाध्यक्षलाई सन्देश सुनाउन घरबाट बाहिर पठाए। डमस्कसबाट त्यत्रो लामो यात्रा गरेर इस्राएलमा आउँदा उनले सम्मान पाउँला भनेको त केवल यर्दन नदीमा गएर नुहाऊ भन्ने हुकुम पाए! तर त्यस हुकुममा प्रतिज्ञा थियो "तपाईं सफा हुनुहुनेछ" (२ राजा ५:१० रूपान्तरित)। आफूलाई बेइज्जत गरेको त्यस स्वाभिमानी नामानले नठानेको त होइन होला। तर एलीशा आफू बाहिर नआइ नदीमा जाऊ भनेर गरेको निर्देशनमा केही न केही रहस्य लुकेको हुनुपर्छ।

## ४. नामान कुष्ठ रोगबाट निको हुन्छ (२ राजा ५:११-१४)

**नामानको कथाबाट हामीलाई के सिकाउँदछ र? साथै नामान आफैले के पाठहरू सिक्नु परेको थियो भनेर २ राजा ५:८ -१४मा बताउँछ? हेर्नुहोस् "इस्राएलका राजाले आफ्ना लुगा च्यातेको कुरा जब परमेश्वरका जन एलीशाले सुने, तब तिनले राजालाई यो समाचार पठाए,**

"तपाईंले किन आफ्ना लुगा च्यात्नुभयो? त्यस मानिस यहाँ मकहाँ आओस्, र त्यसले इस्राएलमा एक जना अगमवक्ता रहेछन् भनी जान्नेछ।" ९ यसैले नामान आफ्ना घोड़ाहरू र रथहरूका साथमा गए, र एलीशाका घरको ढोकामा अड़िए। १० एलीशाले उनलाई यसो भन्न एउटा समाचारवाहक पठाए, "तिमी आफै गएर यर्दन नदीमा सात पल्ट डुबुल्की मार, र तिम्रो मासु ज्यूँका त्यूँ हुनेछ, र तिमी शुद्ध हुनेछौ।"
११ तर नामान रिसाएर यसो भन्दै गइहाले, "मैले सोचेको थिएँ, तिनी बाहिर निस्किआएर परमप्रभु आफ्ना परमेश्‍वरको नाउँ पुकारेर मेरो रोग भएको ठाउँमाथि हात हल्लाएर मेरो कुष्ठरोग निको पारिदिनेछन् होला। १२ के दमस्कसका अबाना र फारपर नदीहरू इस्राएलको कुनै पानीभन्दा असल छैनन् र? के म तिनमा नै धोएर शुद्ध हुन सक्दिनँ र?" यसैले उनी फर्केर रीसको झोँकमा गइहाले। १३ तर नामानका नोकरहरूले उनीकहाँ आएर उनलाई भने, "हे पिताज्यू, यदि अगमवक्ताले तपाईंलाई केही ठूलो कुरा गर्नुहोस् भनी भन्नुभएको भए के तपाईं गर्नुहुनेथिएन र? उहाँले तपाईंलाई धोएर शुद्ध हुनुहोस् भन्नुभएकोमा तपाईंले झन् किन नगर्ने?" १४ यसैले उनी तल ओर्ले र परमेश्‍वरका जनले भनेबमोजिम यर्दन नदीमा सात पल्ट स्वयम् डुबुल्की मारे, र उनको मासु ज्यूँका त्यूँ भयो, जवान केटाको जस्तै भयो।"

यदि एलीशा बाहिर आएर नामानले अनुमान गरेको अनुसार व्यक्तिगत रूपमा तुनामुना गरेर निको पारेको भएर उनले बिना प्रश्न विश्‍वास गर्थ्यो होला। जीवित परमेश्‍वरलाई विश्‍वास नगर्नेहरूले अनेकौं प्रदर्शन गरेर अरूलाई निको पार्न खोज्छन्। तर एलीशाको वचन सुनेर नामान अत्यन्त क्रोधित भएको थियो किनभने (१) एलीशा व्यक्तिगत रूपमा आफू बाहिर निस्केर पाहुनालाई स्वागत गरेन बरू उनको नोकरलाई पठाए र (२) आफ्नो कुष्ठ रोग निको पार्न यर्दन नदीमा गएर नुहाऊ रे!

राजनैतिक शिष्टाचारको हेर्‍याइमा नामान रिसाउनु ठीक थियो। एलीशाले आफू बाहिर आएर त्यस विशिष्ट व्यक्तिलाई भेटेर अभिवादन

गर्नुपर्थ्यो। डमस्कसका नदीहरू यर्दनभन्दा सफा नै थिए होला तर यर्दनको नदीमा हिलोहरू होला। तर एलीशाबाट नै परमेश्वरले नामानलाई इस्राएलको नदी यर्दनमा जान निर्देशन दिनुभएको थियो। त्यस पूरै प्रक्रियाले नामानलाई परमेश्वरले यो सिकाउन चाहनुभएको थियोः (१) इस्राएलमा सत्य परमेश्वरको अगमबक्ता छ (२) र परमेश्वरको आज्ञालाई पूर्णरूपमा शिरोपर गरेमा इनाम पाउँछ।

नामान रिसाएर फर्कन लाग्दा उनका फौजले उनको नयाँ स्वामी वा सेनाध्यक्ष परमेश्वरको हुकुम पालन गर्न अनुरोध गरे। कमसेकम कोशिश त गर्नुहोस् भनेर अनुरोध गरे। फेरि नामानको रोग निको पार्न अनेकन् भयङ्कर कामहरू गर्न अऱ्हाए उनले गर्थे भनेर पनि त्यस फौजले उनलाई सम्झाए। तर निकोहुने प्रक्रिया अत्यन्त सरल भएकोले त्यसले काम गर्छ भनेर नामानले विश्वासै गर्न सकेको थिएन। जब आफ्नो फौजले उनलाई सम्झाए तब आफ्नो मूर्ख सोचाइ र अहंकारिताप्रति नामान लज्जित भएका थिए। दासीको वचन पचाउन त्यस स्वाभिमानी नामानलाई मुश्किल नै भएको थियो होला। विदेशी अगमवक्ताले उनलाई सम्मान नगरेको त उनको निम्ति अचाक्ली नै भएको थियो। अन्तमा आफ्नै सेवकहरूले उनलाई अनुरोध गर्दा उनको रोग निको हुन कस्तो हताश नै थियो होला भनेर जनाउँछ। त्यसकारण ऊ नदीमा गएर सातपल्ट डुवुल्की मार्छ र उनको छाला युवकको जस्तो ताजा भयो (२ राजा ५:१४)।

परमेश्वरको आज्ञालाई शिरोपर गर्नु र विश्वास गर्नु नामानको रोग निको हुन पहिलो आवश्यकता थियो। जब आफ्नो घमण्ड वा अङकारितालाई जितेर परमेश्वरको वचन सुनेर हिलो भएको यर्दनमा नुहाए तब उनी निको भएको थियो।

**ख्रीष्टमा नयाँ जीवन बिताउनु भनेको के हो भन्न मूल सार रोमी ६:१ -१४मा पढेर नामानको कथाबाट हामी के सिक्नसक्छौं? के तपाईंले पनि नयाँ जीवनको अनुभव गर्नुभएको छ र छ भने कुन् कुन् प्रकारले? हेर्नुहोस् "१ अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा**

होस् भनेर हामी पापमा लागिरहौं त? २ त्यसो नहोस्! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? ३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिंड़ौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ। ८ तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। ९ हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन। १० जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ। ११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर। १४ किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ।"

## ५. नयाँ विश्वासी (२ राजा ५:१५-)

"१५ तब नामान र उनका सेवकहरू परमेश्वरका जनकहाँ फर्केर आए। उनी तिनको सामु खड़ा भएर भने, "अब मलाई थाहा भयो, कि इस्राएलमा बाहेक सारा संसारमा कुनै परमेश्वर हुनुहुन्न। कृपा गरी अब आफ्नो दासबाट केही उपहार लिनुहोस्।" १६ ती अगमवक्ताले जवाफ दिए, "जीवित परमप्रभु, जसको सेवा म गर्दछु, उहाँको नाउँमा शपथ खाएर म भन्दछु, म केही पनि ग्रहण गर्नेछैनँ।" त्यो लिनलाई नामानले तिनलाई कर लगाए, तापनि तिनले इन्कार गरे। १७ नामानले भने, "यदि तपाईं लिनुहुन्न भने, आफ्नो दासलाई दुई खच्चरको भारी माटो लान दिनुहोस्। किनकि अब फेरि कहिल्यै हजूरको दासले परमप्रभुलाई बाहेक अरू कुनै देवतालाई होमबलि र बलिदानहरू चढ़ाउनेछैनँ। १८ तर यो एउटा कुरामा मात्र परमप्रभुले तपाईंको दासलाई क्षमा गरून्: जब मेरा मालिक रिम्मोनको मन्दिरमा पूजा गर्नलाई मेरो हातमा भर परेर पस्नुहुन्छ र उहाँले त्यहाँ पूजा गर्दा म पनि निहुरन्छु, तब यसको निम्ति परमप्रभुले हजूरको दासलाई क्षमा गरून्।"

नामानले उच्चारण गरेका बोलीहरूबाट मुक्तिको अनुभवलाई कसरी प्रकट गर्न सकिन्छ? हेर्नुहोसः प्रकाश १४:१२ "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।, १ यूहन्ना ५:२,३ "जब हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरू पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई प्रेम गर्छौं। ३ परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्।", रोमी ६:१ "अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त?"

आफू निको भएपछि त्यस्तो सम्माननीय नामान यर्दनबाट सिधै आफ्नो देश सिरियाको राजधानी डमस्कसमा जान सक्थ्ये। तर आफू कृतज्ञ भएकोले नामान र उनको फौज अगमबक्ताको घरमा फर्के। यस बखत तिनीहरूले एलीशालाई व्यक्तिगत रूपमै भेटे। इस्राएलको

परमेश्वर सारा संसारको स्वामी वा शासक हुनुहुन्छ भनेर नामानले गरेको स्वकारोक्ति सम्पूर्ण बाइबलको मूल बिषयबस्तु हो। गैर-यहुदी अर्थात् अन्य जाति वा मूर्तीपूजक व्यक्तिको मुखबाट जुन वचनहरू उच्चारण गरियो ती वचनहरू नै नयाँ करारमा उल्लेख गरिएका कथाहरूको शिखर बिन्दुमा वा मूल विषयवस्तुहरूमा एक प्रमूख विषयवस्तु हो। नामानको धर्मान्तरण वा आस्था परिवर्तनले आफ्नो नयाँ अनुभव इस्राएलको परमेश्वरसँग गाँसिएको थियो भनेर स्पष्ट पार्दछ। अगमवक्ता एलीशा इस्राएली अर्थात् एकेश्वरबादी यहुदी थियो, यर्दन नदि इस्राएलको अत्यन्त महत्त्वपूर्ण नदि थियो र सात पल्ट डुवुल्की मार्नुको अर्थ परमेश्वरको सात दिने सृष्टिसँग सम्बधित थियो भनेर स्पष्ट पार्दछ।

सही अर्थात् सत आस्था वा विश्वासले कस्तो काम गर्दो रहेछ भनेर नामानको कथाबाट हामी सिक्नसक्छौं भन्ने एक उल्लेखनीय उदाहरण होः नामानले आफ्नै प्रयासबाट जे पाउनुपर्ने थियो सो पाउने थिएन। एलीशाले नामानले ल्याएका उपहारहरू लिन अश्वीकार गरेको अर्थ यो हो कि मुक्तिलाई किनेर पाइन्दैन न त आफ्नै सतप्रयासले आर्जन गर्न सकिन्छ। तर परमेश्वरको पूरा अनुग्रहबाट मात्र मुक्ति पाइन्छ। फेरि त्यसैवखत नामानले आफूसँग भएको केही वस्तु एलीशालाई दिन खोजेको अर्थ यो पनि हो कि जब हृदयमा परमेश्वरप्रति विश्वास वा आस्था जाग्छ तब त्यसले कसरी काम गर्दो रहेछ। विश्वासमा लागेको त्यस व्यक्तिले परमेश्वरले जे गर्नुभयो त्यसप्रति कृतज्ञ भएर परमेश्वरलाई धन्यवाद चढाउँदै एलीशालाई उपहार दिन पुगेका थिए। यहाँ नामानले अब्राहमको त्यही बाटो अपनाइएको प्रमाणित गर्दछ जुन् अब्राहमले मुर्तीपूजक अर्थात् सनातन परमेश्वरलाई विश्वास नगर्ने राजाहरूबाट उपहार लिन अश्वीकार गरेका थिए किनभने ती राजाले उनलाई धनी बनायो भन्ने उनले सुन्न चाहेका थिएनन् (उत्पत्ति १४:२३)। यदि नामानले दिएको उपहारलाई ग्रहण गरियो भने नामानले सिक्नुपर्ने पाठ बिग्रिन्थ्यो भन्ने कुरा एलीशालाई थाहा

थियो। निको पार्ने काम परमेश्वरको भएको थियो। उहाँकै शुद्ध अनुग्रह तथा सदाशयताले नामान निको भएको थियो।

"प्रत्येक मानिसको दिमागमा यो कुरा स्पष्टसँग रहोस्ः यदि ख्रीष्टलाई हामील मुक्तिदाता भनेर ग्रहण गर्छौं भने उनी हामीहरूको प्रभु वा स्वामी भनेर पनि ग्रहण गर्नुपर्छ। उहाँलाई हामीहरूको राजा र उहाँको विधिमा बसेर उहाँका आज्ञाहरू पालन गर्न राजी नभएसम्म उहाँमा हुने हामीहरूको भरोसा र उहाँबाट पाउने प्रतिज्ञाहरूको उपभोग गर्न हामी सक्षम् हुँदैनौं। उहाँको मार्गमा हिँड्दा हामी उहाँप्रति बफादार छौं भनेर प्रमाण दिन्छौं। अनि हामीमा सही आस्था वा विश्वास छ भनेर देखाउँछौं। हामीहरूको आचरणले विश्वास अर्थात् आस्थाको मर्यादा झल्काउँछ। विश्वास प्रेमबाट नै परिचालित हुन्छ।"-एलेन जी ह्वाइट, फेथ आण्ड वर्क्स, पृ. १६बाट रूपान्तरित।

**यदि अरूले तपाईंको जीवन हेऱ्यो भने तपाईंको प्रेम परमेश्वरमाथि छ भनेर कसरी देख्न सक्छ? ख्रीष्टले तपाईंको निम्ति के गऱ्यो भनेर अरूले कसरी देख्न सक्छ?**

## उपसंहारः

**थप जानकारीः** "नामान आफ्नै देश सिरियामा गए र आफ्नोको घरमा फर्के। उनको शरीर स्वस्थ भएको थियो र उनको आत्माको परिवर्तन भएको थियो अर्थात् उनी इस्राएलको परमेश्वरको उपासक भए। सयौं वर्षपछि परमेश्वरलाई सेवा गर्छु भनेर दावी गर्नेहरूको निम्ति मुक्तिदाता येशूले नामानको उदाहरण दिएर उनको प्रशंसा गर्दै हामी सबैले उनबाट पाठ सिक्नुपर्छ भन्दै उहाँले भन्नुभयो "एलीशा अगमवक्ताको समयमा धेरै मानिसहरू इस्राएलमा छालाको रोग लागेका मानिसहरू थिए। तर सिरियाको नामना बाहेक अरू कोही एक जना पनि निको पारिएन (लूका ४:२७ रूपान्तरित)" त्यसबेला इस्राएलमा भएका धेरै कोढीहरूलाई वास्ता गर्नुभएन किनभने तिनीहरूले आफ्नो भलाइको निम्ति खोलिएका ढोका बन्द गरेका थिए। परमेश्वरलाई विश्वास नगर्ने

प्रतिष्ठित व्यक्ति जो ठीक छ त्यही गर्ने भन्ने अठोत गर्ने र आफूलाई सहायताको आवश्यक छ भनेर महसुस गर्ने परमेश्वरको सामु आशिषको निम्ति योग्यका थिए। तर इस्राएलमा भएका कुष्ठ रोगले सताइएकाहरू त्यस आशिषको योग्य हुन पुगेनन्। कित त? तिनीहरूले परमेश्वरले दिनुभएको अधिकारहरूलाई दुरुपयोग र वेवास्ता गरेका थिए। परमेश्वरको निगाहालाई सराहना गर्ने र स्वर्गबाट दिएको ज्योतिलाई ग्रहण गर्नेहरूको निम्ति परमेश्वर काम गर्नुहुन्छ।"-एलेन जी ह्वाइट,, प्रोफेटस् एण्ड किङ्गस्, पृ. २५२,२५३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. नामान निको भएपछि उनले के गरे भन्ने विषयमा धेरै वर्षसम्मा छलफल भइरहेको पाइन्छ। तर २ राजा ५:१७-१९मा आफ्नो आस्था परिवर्तनभएको अत्यन्त प्रवाकारी वचन एलीशाको सामु यसरी निकालेका थिए “अरू कुनै देवतालाई म अब होमबली र अरू भेटीहरू चढाउँदिन। केवल परमप्रभु परमेश्वरको मात्र म उपासना गर्छु।" (२ राजा १५:१७ रूपान्तरित)। तर त्यस वचनको लगत्तै पछि नामानले यो स्वीकार गर्दछन्, “बेला बेलामा मेरो मालिकले रिमोन देवताको मन्दिरमा निहुरिन जानुहुन्छ। जब त्यसबेला उहाँ त्यसो गर्नुहुन्छ तब उहाँ मेरो पाखुरामा भर पर्नुहुन्छ। तर त्यहाँ म पनि निहुरिन वाध्य हुन्छु। म आशा गर्छु परमेश्वरले मलाई क्षमा दिनुहुनेछ।" (२ राजा १५:१८ रूपान्तरित)। त्यसबेला एलीशाले दिएको जवाफले के भन्न खोजेको पाइन्छ? हेर्नुहोस् “१९ एलीशाले भने, “शान्तिसित जाऊ।” जब येशूका सुसमाचार प्रचारक वा मिसिनेरीहरू अरू देशमा गएर अरूको धर्म वा संस्कारका मानिसहरू बीचमा प्रचार गर्छन् र कतिपय मानिसहरू परमेश्वरमा विश्वास गर्न पुगेका हुन्छन्। विभिन्न धर्म र संस्कार तथा संस्कृतिको पृष्ठभूमीमा आएका

विश्वासीहरूप्रति धैर्यता र समझदारी कतिसम्म अपनाउनुपर्छ भनेर ती प्रचारक तथा मिसिनेरीहरूले बुझ्न खोज्नुपर्छ?

आ. कोही मानिस येशूलाई विश्वास गरेर नयाँ भक्त बन्यो भने त्यो व्यक्ति कति छिटो हुर्कनुपर्छ? "सरापेटा र सिरियाको नामानले आफूले पाएका ज्ञानको ज्योति अनुसार विवेकले भ्याएसम्म त्यस अनुसार चलेका थिए। तिनीहरूलाई परमेश्वरले चुन्नुभएको जातिलाई भन्दा वढि धर्मी भएका भनेर सम्बोधन गरेका थिए। परमेश्वरबाट तर्किएर गएका र संसारका मान खोज्न परमेश्वरका नीति त्यागेका इस्राएलीहरूलाई (जातको भरमा) भन्दा तिनीहरूलाई वढि धर्मात्माको पङ्क्तिमा राखिएका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ४१६बाट रूपान्तरित।

इ. नामानले विश्वास तथा आस्थालाई सक्रिय बनाएकोमा उनलाई शारीरिक स्वस्थ बनाइएको थियो र साथै उनले मुक्तिपनि पाएको थियो। विश्वास तथा आस्था र कामको बीचमा कस्तो सम्बन्ध हुनुपर्छ सो चिन्तन गर्नुहोस्। इसाई जीवन र साक्षी दिने दौरानमा विश्वास तथा आस्था र कामको बीचमा निर्णायक सम्बन्ध हुनुपर्छ भन्ने ज्ञान बुझ्न किन जरुरत छ?